## मिति २०७९ भाद्र १७ गते शुक्रबार बसेको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिको पन्ध्रौं बैठकका निर्णयहरु

निर्णय नं १:- मनसुनजन्य विपद्बाट क्षतिग्रस्त भएका देहाय बमोजिमका स्थानीय तहमा अत्यावश्यक संरचनाहरुको तत्काल पुनर्निर्माण तथा जोखिम न्यूनीकरण गर्न विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि, २०७९ बमोजिम सम्बन्धित स्थानीय तहको ३०% सम्म लागत सहभागिता गर्ने सुनिश्चितता गरी देहाय बमोजिमका कार्यक्रम स्वीकृत गर्ने र प्रचलित कानून तथा कार्यविधि बमोजिम कार्यान्वयनका लागि राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणलाई निर्देशन दिने।

(क) उदयपुर जिल्लाको बेलका नगरपालिका वडा नं. ८ मा सप्तकोशी नदी तटबन्ध गर्ने कार्यका लागि रू.९७ लाखको कार्यक्रम।

(ख) प्यूठान जिल्लाको प्यूठान नगरपालिकामा झिमरुक नदी तटबन्ध निर्माण गर्ने कार्यका लागि रू.१ करोडको कार्यक्रम।

(ग) गोरखा जिल्लाको पालुङटार नगरपालिका वडा नं. ९ र १० मा अस्थायी पूल निर्माण तथा तटबन्ध निर्माण गर्ने कार्यका लागि रू.१ करोडको कार्यक्रम।

(घ) डडेलधुरा जिल्लाको गन्यापधुरा गाउँपालिका वडा नं. २ गणेश मा.वि. र भुवनेश्वरी मा.वि.मा पहिरो जोखिम न्यूनीकरण गर्न रिटेनिंग वाल लगाउने कार्यका लागि रू.१७ लाखको कार्यक्रम।

(ङ) बझाङ जिल्लाको खसडछान्ना गाउँपालिका-३ स्थित भाग्योदय नि.मा.वि. पुनर्निर्माणको लागि रू.१३ लाखको कार्यक्रम।

निर्णय नं २:- मिति २०७८/०२/०५ मा लमजुङमा र मिति २०७९/०४/१५ मा खोटाङमा गएको भूकम्पबाट क्षति भएका संरचनाहरुको विस्तृत क्षति आँकलन गरी कार्ययोजना सहित आगामी कार्यकारी समितिमा पेश गर्ने।

निर्णय नं ३:- बहुप्रकोपीय विपद्बाट क्षति भएका निजी आवासहरुको पुनर्निर्माण तथा पुनर्स्थापनाका लागि एकीकृत कार्यविधि तर्जुमा गरी आगामी कार्यकारी समितिको बैठकमा पेश गर्न राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणलाई सैद्धान्तिक सहमति दिने।

निर्णय नं ४:- गृह मन्त्रालयको विपद् सम्बन्धी कोषबाट विभिन्न जिल्ला विपद् व्यवस्थापन कोषमा मिति २०७८ माघ १४ देखि २०७९ आषाढ ३२ सम्म निकासा भएको रकम रू.६ करोड ४५ लाख मात्र अनुमोदन गर्ने।

गृह मन्त्री

अनिल पोखरेल
सदस्य-सचिव
विपद् जोखिम न्यूनीकरण तथा
व्यवस्थापन कार्यकारी समिति